Reg. 20/1205/057/085

*Media for Human Rights and Democracy*

# मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल

## Institute of Human Rights Communication, Nepal (IHRICON)

Number- 3

सञ्चार अनुगमन

## मासिक प्रतिवेदन- वैशाख २०७१

राजधानीबाट प्रकाशित दैनिक अखबारहरुको अनुगमन गर्दा २०७१ को वैशाख महिनामा मुलुकभर महिला हिंसाका १४ घटना भएको पाइएको छ ।

ब्रोडसिट दैनिकहरुका अनुसार यस महिनामा ४ महिलाको हत्या भएको छ भने बलात्कार र कुटपिटमा ३-३ जना महिला परेका छन् । यसैगरी २ महिला दाइजोका नाममा पीडित भएका छन् । बलात्कार प्रयास र बोक्सीको आरोपमा पीडित महिलाको संख्या १-१ रहेको छ ।




अखबारहरुले हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना ११ वटा पहिचान गरेका छन् जसमा १ बालिकाको बलात्कारपछि हत्यासमेत भएको छ । बलात्कारको शिकारमा परेका ८ बालिकाको मार्मिक विवरण पनि प्रकाशमा आएको छ । यसैगरी अन्य प्रकारका यौन दुर्व्यवहारमा २ बालिका परेको देखिएको छ ।




मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) ले हतियारजन्य हिंसासँग सम्बन्धित घटनाको पनि अनुगमन गरेको छ । अखबारहरुका अनुसार वैशाख महिनामा भएका हतियारजन्य हिंसाका घटनामा १४ जना प्रभावित भएका छन् । बन्दुक तथा अन्य हतियारको प्रयोगबाट भएको हिंसामा ७ पुरुष र ७ महिला प्रभावित भएका हुन् । प्रभावित हुने पुरुषमा ३ को मृत्यु भएको छ भने ४ घाइते छन् । त्यस्तै २ महिलाको मृत्यु भएको छ भने ५ महिला घाइते बनेका छन् ।



हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेदा पूर्वाञ्चल ८, मध्यमाञ्चल ८, मध्य-पश्चिमाञ्चल ४, पश्चिमाञ्चल २ को संख्यामा रहेको देखिन्छ ।




मासिक रुपमा नियमित प्रकाशित गरिने सञ्चार अनुगमनमा यस पटक इह्रिकनले गोरखापत्र, कान्तिपुर, नागरिक र अन्नपूर्ण पोष्टमा प्रकाशित समाचारका आधारमा सञ्चार अनुगमन गरेको हो ।

जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपा (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. ०१-५०११२०४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।